

# ६ येशू, विश्वासीलो र भरपर्दो पुजाहारी

*<u>यस अध्यायका मूल पदहरू:</u>* हिब्रू ५:१-१०; उत्पत्ति १४:१८-२०; १ पत्रुस २:९; हिब्रू ७:१-३ र हिब्रू ७:११-१६,२२,२६।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"किनकि यो उचित थियो वा हाम्रो निम्ति योग्य थियो कि हाम्रा लागि यस्ता एक जना प्रधान पूजाहारी हुनुपर्दछ, जो पवित्र, दोषरहित, निष्कलङ्क, पापीहरूबाट अलग र स्वर्गभन्दा पनि माथि उचालिएका हुनुहुन्छ" (हिब्रू ७:२६ रूपान्तरित)।**

परमेश्वर र मानिसको बीचमा भइरहेको फाटो पापले गर्दा भएको थियो। यो समस्या अत्यन्तै जटिल थियो किनकि पापले मानिसको प्रत्येक स्वभावलाई भ्रष्ट पारेको थियो। परमेश्वर पवित्र हुनुहुन्छ, र उहाँको उपस्थितिमा पाप रहन सक्दैन; त्यसकारण, हाम्रो आफ्नै भ्रष्ट स्वभाव वा चरित्रले गर्दा हामीलाई परमेश्वरबाट अलग हुन वाध्य भएको छ। जसरी दुई ध्रुवतिर फर्केको चुम्बक एक आपसमा आउँदैन त्यसरी नै हामी परमेश्वरको सामु आउन सक्दैनौं। अझ थपमा, हाम्रो भ्रष्ट स्वभावले गर्दा हामी मानव जातिले परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई पालन गर्न असम्भव पारिदिएको छ। पापले गर्दा कतिपय सोचाइमा गलत वा मिसअन्डरस्टान्डिङ्ग भइरहेको हुन्छ। परमेश्वरको प्रेम र दयाको दृष्टि पापले गर्दा मानव जगतमा बाङ्गिन पुगेको छ। परमेश्वरलाई माया, स्नेह, दयाको दृष्टिले हेर्नुको सट्टा उहाँ डरलाग्दो, कठोर र हामीले के गर्दैछौं सो आलोचनात्मक दृष्टिले हेरिरहने जस्ता परमेश्वरको बारेमा नकारात्मक दृष्टिकोणहरू मानिसको दिमागमा घुसिरहेको छ। पिता र पुत्र मिलेर हाम्रो बीचमा भएको फाटोलाई कसरी अचम्म तरिकाले पुल बनाएर जोड्नुभयो भनेर हामी यस अध्यायमा हेर्नेछौं। येशूको पुजारीत्वको

बारेमा हिब्रू ५-७मा दिएको शिक्षालाई केलाएर हेर्नेछौं। पुजारीको सुरु र लक्ष्यलाई लेखकले केलाउँदछन् (हिब्रू ५:१-१०) र पाठकवृन्धहरूलाई त्यसलाई वेवास्ता नगर्न अनुरोध गर्दछन् (हिब्रू ५:११-६-८) बरु यस पुजारीपनाले उपलब्ध गराएको आशाको विश्वसनीयतालाई पकडी राख भनेको छ (हिब्रू ६:९-२०)। येशूको पुरोहित्वको स्वभावहरूलाई लेखकले व्याख्या पनि गर्दछन् (हिब्रू ७:११-२८)। हामीले विशेष गरेर हिब्रू ५:१-१० र हिब्रू ७:१-२८ अंशमा यस अध्याय केन्द्रित गर्नेछौं।

## १. मानव प्राणीको पक्षमा पुजारी

**हिब्रू ५:१-१० पढ्नुहोस्। यी पदहरूको अनुसार पुजारीको भूमिका वा काम के हो र येशूले त्यस भूमिका वा काम कसरी पूरा गर्नुभयो? हेर्नुहोस्ः "१ प्रत्येक प्रधान पूजाहारी मानिसहरूमध्येबाट छानिन्छ, र मानिसहरूको पक्षमा पापको निम्ति परमेश्वरमा भेटी र बलिदानहरू चढ़ाउन नियुक्त गरिन्छ। २ अजान र कुबाटोतिर लागेकाहरूसँग तिनले नम्रतासाथ व्यवहार गर्न सक्तछ, किनभने तिनी आफै पनि दुर्बलताले घेरिएको हुन्छ। ३ यसैकारण मानिसहरूका पापको निम्ति मात्र होइन, तर आफ्नै पापको निम्ति पनि बलिदान चढ़ाउन तिनलाई कर लाग्छ। ४ कसैले यो सम्मान आफै लिन सक्दैन, तर हारूनजस्तै तिनलाईं परमेश्वरले बोलाउनुहुन्छ। ५ ख्रीष्टले पनि प्रधान पूजाहारी हुन आफैले आफैलाई उच्च पार्नुभएन, तर उहाँलाई यसो भन्नुहुनेबाट नियुक्त हुनुभयो, "तिमी मेरा पुत्र हौ, मैले नै आज तिमीलाई जन्माएको छु।" ६ अर्को ठाउँमा पनि उहाँ भन्नुहुन्छ, "मल्कीसेदेकको दर्जाबमोजिम तिमी सधैंभरिको निम्ति पूजाहारी हौ।" ७ येशू आफ्नो शारीरिक जीवनमा हुनुहुँदा उहाँलाई मृत्युबाट बचाउन सक्नुहुनेलाई उहाँले बड़ो क्रन्दन र आँसुसहित प्रार्थना चढ़ाउनुभयो, अनि आफ्नो भक्तिपूर्ण समर्पणको कारणले उहाँको प्रार्थना र नम्र निवेदन सुनियो। ८ उहाँ पुत्र हुनुहुन्थ्यो, तापनि आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो, ९ र सिद्ध तुल्याइएर उहाँको आज्ञापालन गर्नेहरू सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो। १० मल्कीसेदेकको दर्जाअनुसार प्रधान पूजाहारीको पदमा परमेश्वरद्वारा उहाँ नियुक्त हुनुभयो।"**

लेबी पुजारीको (नेपाली व्याकरणमा पुजारी, पुजाहारी, पूजाहारी र पूजारी शब्दहरूलाई मान्यता दिएको पाइन्छ-अनुवादक) मूख्य काम भनेकै पापी

मानिस र परमेश्वरको बीचमा मध्यस्थता गर्नु थियो र त्यसैको निम्ति उसलाई नियुक्ति गरिएको थियो। त्यसकारण तिनीहरू सदाशयी, दयालु, करुणामय हुनुपर्छ र मानिसहरूको कमीकमजोरीहरूप्रति संवेदनशील हुनुपर्दछ।

येशूले ती उद्देश्यहरू सिद्ध वा परिपक्वरूपमा पूरा गर्नुभएको थियो भनेर पावलले हिब्रू ५:५-१०मा उल्लेख गर्दछन्: परमेश्वरले उहाँलाई नियुक्त गर्नुभयो (हिब्रू ५:५,६) र येशू आफैले दुःखकष्ट पाउर्नुभएकोले उहाँ हामीप्रति संवेदशील हुनुहन्छ र हाम्रा दुःखपिरहरू बुझ्नुहुन्छ (हिब्रू ५:७,८)। तर मानवीय पुजारी र येशूको बीचमा केही उल्लेखनीय भिन्नताहरू छन्। येशूलाई मानिसहरूबाट नियुक्ति वा चुनिएको थिएन (हिब्रू ५:१)। बरु, उहाँले मानिसको स्वभाव ग्रहण गर्नुभयो ताकि अरूहरूसाथै उहाँ हाम्रो पक्षमा पुजारी भएर सेवा गर्न सकुन्। अरू पुजारीहरूले जस्तै उहाँले आफ्ना पापहरूको निम्ति बलिहरू दिनु पर्ने भएको थिएन (हिब्रू ५:३) तर केवल हाम्रा पापहरूको निम्ति उहाँ बलि हुनुभयो किनभने उहाँ पापरहित हुनुहुन्थ्यो (हिब्रू ४:१५, हिब्रू ७:२६-२८)।

येशूले "उहाँसँग प्रार्थना गर्नुभयो जसले उहाँलाई मृत्युबाट उद्धार गर्न सक्नुहुन्छ र उहाँको प्रार्थना सुन्नुभयो" भनेर हिब्रूमा लेखिएको छ (हिब्रू ५:७ रूपान्तरित)। हिब्रूले येशूको दोस्रो मृत्युको बारेमा चर्चा गरेको थियो। जब उहाँको पुनरुत्थान भयो तब उहाँलाई दोस्रो मृत्युबाट परमेश्वरले उद्धार गर्नुभएको थियो (हिब्रू १३:२०)। "दुःखकष्टद्वारा उहाँ आज्ञाकारी हुन सिक्नुभयो" भनेर पनि हिब्रूले बताउँदछ (हिब्रू ५:८ रूपान्तरित)। मानिसको रूप लिनुभएपछि आज्ञाकारी हुनु उहाँको निम्ति नौलो कुरो थियो, उहाँ अनाज्ञाकारी भएकोले होइन किनकि उहाँ त आफै परमेश्वर हुनुहुन्थ्यो। सारा जगतको सर्वोच्च स्वामी हुनुभएकोले उहाँले कसैप्रति जवाफदेही हुन आवश्यक थिएन बरू सबैले उहाँको आज्ञा पालन गर्नुपरेको थियो।

येशूको दुःखकष्ट र क्रूसमा उहाँको मृत्युले उहाँको पुजारीत्वको मूख्य कामहरूलाई बताउँदछ। उहाँले त्याग, तपस्या (प्रार्थना) र दुःखकष्ट पाउनुभएर उहाँ सिद्ध हुनुभएको थिएन किनभने उहाँ नैतिक वा आचरणमा सुधार गर्नुपर्ने आवश्यक थिएन। उहाँ दुःखकष्ट पाउनुभएर सदाशयी, करुणामय, दयालु र मायालु हुनुभएको थिएन। बरु त्यसको बिपरित, येशू यस संसारमा आउनुभयो किनकि उहाँ सदासर्वदा दयालु, करुणामय र सदाशयी हुनुहुन्थ्यो र ती गुणहरूमाथि खन्याउनु उहाँले मानवरूप धारण गर्नुभएको थियो (हिब्रू २:१७)।

हिब्रूले यो स्पष्ट पार्न चाहेको देखिन्छः दुःखकष्टमा सहभागी हुनुभएर उहाँको प्रेमको वास्तविकतालाई उहाँले प्रकट गर्नुभएको थियो। मानव जातिको निम्ति प्रतिनिधित्व गर्न तल्लोभन्दा तल्लो स्तरमा झर्नुभएर परमेश्वर पिताको सदिइच्छामा उहाँले आफूलाई सुम्पिनुभएको थियो। मानव स्वभाव लिनुभएर परमेश्वरको चाहनालाई आफ्नो जीवन र मरणबाट व्यक्त गर्दै प्रमाणित वा पुष्टि गर्नुभएको थियो। उहाँ "सिद्ध हुनुभयो" भन्नुको अर्थ उहाँको दुःखकष्टहरूले उहाँ हाम्रो प्रधान पुजारी हुन योग्य ठहरिनुभएको थियो। उहाँको सिद्ध, पक्का, सत्यको जीवन र क्रुसमा उहाँको मृत्यु नै उहाँ हाम्रो निम्ति बलिदानको भेटी हुनुभएको थियो जुन परमेश्वर पिताको सामु हाम्रो पुजारी भएर उहाँले चढाउनुभएको थियो।

**"हामी राजकीय पूजारी हौं" भनेर पत्रुसले २ पत्रुस २:९मा उल्लेख गर्दछन्। येशूको जीवनीले तपाईंलाई के बताउँदछ कि अरू मानिसहरूसँगको सम्बन्धमा हाम्रो पवित्र पदलाई कायम राखेर कसरी चल्नुपर्छ?**

## २. मल्कीसेदेकको मर्यादा अनुसार

**देहायका पदहरू पढेर मल्कीसेदेक को हुन् र उनले येशूलाई कसरी प्रतिबिम्बित गरेका थिए सो थाहा पाउनुहोस्। हेर्नुहोस्, उत्पत्ति १४:१८-२० "१८ अनि शालेमका राजा मल्कीसेदेक रोटी र दाखमद्य लिएर अब्रामकहाँ आए। उनी सर्वोच्च परमेश्वरका पूजाहारी थिए। १९ उनले अब्रामलाई यसो भनेर आशीर्वाद दिए, "स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने सर्वोच्च परमेश्वरबाट अब्रामलाई आशिष् मिलोस्। २० सर्वोच्च परमेश्वर धन्यका होऊन्, जसले तिम्रा शत्रुहरूलाई तिम्रा हातमा सुम्पिदिनुभयो।" अनि अब्रामले उनलाई सबै कुराको दशांश दिए।" र हिब्रू ७:१-३ "१ यिनै मल्कीसेदेक शालेमका राजा र सर्वोच्च परमेश्वरका पूजाहारी थिए। राजाहरूलाई परास्त गरेर फर्कंदा यिनले अब्राहामलाई भेटे, र तिनलाई आशीर्वाद दिए। २ यिनैलाई अब्राहामले सबै थोकको दशांश छुट्ट्याइदिए। यिनको नाउँको अर्थअनुसार यिनी पहिले धार्मिकताका राजा र त्यसपछि चाहिँ शालेमका राजा हुन्, अर्थात् शान्तिका राजा। ३ विनापिता, विनामाता, विनावंशावली, जीवनको आदि र अन्त्य नभएका, तर परमेश्वरका पुत्र स्वरूप, यिनी सदाकाल पूजाहारी भइरहन्छन्।"**

मल्कीसेदेक दुवै राजा र पुजारी थिए। उनी अब्राहमभन्दा उच्च दर्जाका थिए। त्यसैकारण, अब्राहमले उनलाई दशांस दिएका थिए। त्यही

रूपमा येशू पनि राजा र पुजारी हुनुहुन्छ (हिब्रू १:३)। मल्कीसेदेक जस्तो नभएर येशू पापरहित हुनुहुन्थ्यो (हिब्रू ७:२६-२८)।

येशू मल्कीसेदेक जस्तै पुजारी थिए भनेर हिब्रू ७:१५मा बताइएको छ। यो अगाडि हिब्रू ५:६मा मल्कीसेदेकको बारेमा व्यक्त गरेको जस्तै पनि छ जसमा लेखिएको छ "अर्को ठाउँमा पनि उहाँ भन्नुहुन्छ, "मल्कीसेदेकको दर्जाबमोजिम तिमी सधैँभरिको निम्ति पूजाहारी हौ।" त्यसको अर्थ येशू मल्कीसेदेक पछि नियुक्त हुने पुजारी होइन तर उहाँको पुजारीपना मल्कीसेदेकको जस्तै छ भन्ने खोजिएको हो।

उदाहरणमा, मल्कीसेदेकको बाबुआमा, वंशावली, जन्म र मृत्युको लेखा छैन। अब्राहमको समयमा मल्कीसेदेक येशूको अवतार थिए भनेर कसैकसैले व्यक्त गरेका छन्। तर यो सोच हिब्रूको तर्कसँग मिल्दैन। मल्कीसेदेक येशू जस्तै थिए तर उनी येशू नै थिएन। उनी येशूभन्दा फरक थिए (हिब्रू ७:३)।

कतिले यो पनि भन्दछ कि मल्कीसेदेक स्वर्गको जीव थिए, तर यसले हिब्रूमा भन्न खोजिएको तर्कलाई बिगार्दछ। यदि मल्कीसेदेकको पिता, माता, आदि र अन्त छैन भने उहाँ परमेश्वर आफै पनि हुनसक्छ। तर त्यस तर्कमा समस्या पनि छ। यदि मल्कीसेदेक स्वर्गको र उनको ईश्वरीय पुजारी भएको भए येशू उनकै पछिबाट सेवा गर्न आउनुभएको हो भनेर इङ्गित गर्दछ। तर हिब्रूले स्पष्टसँग भन्दछ, "अब यदि लेवीको पूजाहारी पदद्वारा सिद्धता प्राप्त हुँदो हो त (किनभने यसैको आधारमा मानिसहरूलाई व्यवस्था मिलेको थियो) हारूनको दर्जाबमोजिम नै नभएर फेरि मल्कीसेदेकको दर्जाअनुसार अर्को पूजाहारी खड़ा हुनलाई के जरूरत पर्थ्यो?" ( हिब्रू ७:११)।

तर मल्कीसेदेकको जन्म, मृत्यु र बंशावलीको बारेमा पुरानो करारमा दिएको गोप्य सहस्यलाई हिब्रूले येशूको पुजारीय सेवाकार्यको प्रतिक वा चिन्हलाई प्रकट गरिएको थियो (उत्पत्ती १४:१८-२०)। येशू आफै अनन्तको हुनुहुन्छ तर मल्कीसेदेक जस्तो होइन। छोटकरीमा भन्नुपर्दा मल्कीसेदेक कनानी जातका राजा-पुजारी थिए जसले येशूको प्रतिक भएर सेवा गरेका थिए। "मल्कीसेदेक सर्वोच्च परमेश्वरको पुजारी थिए। मल्कीसेदेकद्वारानै ख्रीष्ट बोल्नुभएको थियो। मल्कीसेदेक ख्रीष्ट होइन तर उनी यस संसारमा परमेश्वरको आवाज थिए र यस संसारमा उनी परमेश्वर पिताको प्रतिनिधि थिए। विगतका पुस्ताहरूद्वारा ख्रीष्टले बोल्नुभएको थियो; ख्रीष्टले नै उहाँका

जनहरूलाई अगुवाइ गर्नुभएको थियो, र यस संसारको निम्ति उहाँ उज्यालो ज्योति हुनुहुन्थ्यो।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्*, बुक १, पृ. ४०९बाट रूपान्तरित।

**कोही पनि प्रचारकबिना परमेश्‍वरले मानिसहरूको बीचमा पनि कसरी काम गर्नुहुन्दो रहेछ भनेर मल्कीसेदेकको बारेमा दिएको आत्मज्ञानले हामीलाई के सिकाउँदछ?**

## ३. प्रभावकारी पुजारी

"अब यदि लेवीको पूजाहारी पदद्वारा सिद्धता प्राप्त हुँदो हो त (किनभने यसैको आधारमा मानिसहरूलाई व्यवस्था मिलेको थियो) हारूनको दर्जाबमोजिम नै नभएर फेरि मल्कीसेदेकको दर्जाअनुसार अर्को पूजाहारी खड़ा हुनलाई के जरूरत पर्थ्यो?" ( हिब्रू ७:११)।

परमेश्‍वर र मानिसको बीचमा मध्यस्थता गर्ने पुजारीहरूका काम हुन्।, तर मानव पुजारीहरू सिद्ध, निष्खोट र पापरहित नभएकोले (हिब्रू ७:११,१८,१९) तिनीहरूले गर्ने काम पूर्ण, सिद्ध थिएन न त तिनीहरू परमेश्‍वरको सामु कोही सुरो भएर आउन सक्थ्यो। तिनीहरू आफै सिद्ध र पापरहित नभएकोले तिनीहरूले अरूमाथि कसरी सिद्धता वा धार्मिकता प्रदान गर्न सक्दछन् र?

न त कुनै पशुबलिले पापीको विवेकलाई पखाल्नसक्छ। पुजारीहरूको काम भनेकै येशूको हुने सेवाकार्य र बलिलाई औँल्याउने थियो। येशूलेमात्र मानिसहरूलाई तिनीहरूको पापबाट सत्यरूपमा पखाल्न सक्दछ (हिब्रू ९:१४, हिब्रू १०:१-,१०-१४)। लेबी बंशका पुजारीहरू र तिनीहरूले मन्दिरमा गर्ने पशुबलि जस्ता विधिहरू अस्थाइ थिए र तिनीहरू शिक्षाप्रद थिए। तिनीहरूकै सेवाकार्यद्वारा भविष्यमा हुने येशूको सेवाकार्यमाथि विश्‍वास तथा भरोसा राख्नेतिर अगुवाइ होउन् भन्ने परमेश्‍वरको चाहना थियो। बप्तिस्मा दिने यूहन्नाले यसलाई यसरी पुष्टि गरेका छन्, "संसारको पाप उठाइ लैजाने परमेश्‍वरको थुमालाई हेर!" (यूहन्ना १:२९ रूपान्तरित)।

**हिब्रू ७:११-१६ पढ्नुहोस्। व्यवस्था वा विधिमा किन परिवर्तन ल्याउन आवश्यक थियो? हेर्नुहोस्, "११ अब यदि लेवीको पूजाहारी पदद्वारा सिद्धता प्राप्त हुँदो हो त (किनभने यसैको आधारमा मानिसहरूलाई व्यवस्था मिलेको थियो) हारूनको दर्जाबमोजिम नै नभएर फेरि मल्कीसेदेकको**

**दर्जाअनुसार अर्को पूजाहारी खड़ा हुनलाई के जरूरत पर्‍यो? १२ किनकि पूजाहारी पद बद्लिँदा व्यवस्था पनि बद्लिनैपर्छ। १३ किनकि जसको विषयमा यी कुराहरू भनिएका हुन्, उहाँ त अर्कै कुलका हुनुहुन्छ, जुन कुलबाट कसैले पनि कहिल्यै वेदीमा सेवा गरेको छैन। १४ किनभने यो प्रष्टै छ, कि हाम्रा प्रभु त यहूदाको कुलबाट उत्पन्न हुनुभएको हो। यस कुलको विषयमा पूजाहारीहरूका सम्बन्धमा मोशाले केही पनि भनेका छैनन्। १५ यदि मल्कीसेदेकजस्तै अर्को पूजाहारी खड़ा हुने हो भनेता यो कुरा अझ बढ़ी प्रष्ट हुन्छ, १६ जो पुर्ख्यौंलीसम्बन्धी नियमको आधारमा होइन, तर अविनाशी जीवनका शक्तिको आधारमा पूजाहारी बनेका छन्।"**

पुजारीको परिवर्तनले व्यवस्था वा विधिमा परिवर्तन ल्याउन आवश्यक भएको थियो भनेर हिब्रू ७:१२ले व्याख्या गर्दछ। किन त? किनभने हारुनको बंशबाट बाहेक अरू कुनै बंशबाट आएको मानिस पुजारी हुन कडा रोक लगाइएको विधि वा नियम थियो (गन्ती ३:१०; गन्ती १६:३९,४०)। येशू यहूदाको बंशबाट आउनुभएको थियो भनेर हिब्रू ७:१३,१४ले बताउँछ। लेबी पुजारीको बंशको विधि वा व्यवस्थाले येशू पुजारी हुन रोक लगाइएको थियो। त्यसकारण येशूलाई पुजारीको रूपमा परमेश्वरले नियुक्त गर्नुभएकोले उहाँले पुजारीको व्यवस्था वा पुजारी छान्ने विधिलाई परिवर्तन गर्नुभएको थियो भनेर पावलले जिकिर गर्दछन्।

येशू आउनुहुँदा बलिप्रथाको व्यवस्था वा विधि पनि परिवर्तन भएको थियो भनेर देखाउँदछ। पश्चाताप वा क्षमा पाउन वा पापलाई कट्टा गर्न पापीहरूले विभिन्न खालका भेटी तथा पशुहरू ल्याउनुपर्थ्यो (लेबी १-७), अब येशू सिद्ध, शुद्ध र सक्कल बलि हुनुभएकोले पशुबलिप्रथाको अन्त्य भएको थियो (हिब्रू १०:१७,१८)। यसको नतिजा वा येशूको भूमिकाले मुक्तिको योजना र करारलाई पूर्णरूपमा प्रकट गरिएको थियो।

**पौराणिक इस्राएलमा विभिन्न खालका अन्त्य नहुने पशुबलिको बारेमा सोच्नुहोस्। ती सबैले येशूलाई औंल्याएका थिए। तर ती कुनै पशुबलिले हाम्रो पापलाई हरण गर्न सक्दैनथ्यो। तर केवल येशूको मृत्युलेमात्र हाम्रो पापको हरण किन हुन्छ वा पापको मोल तिर्न सक्छ?**

## ४. सनातन तथा अनन्तको पुजारी

**कुन आधारमा येशू पुजारी हुनुभयो? हेर्नुहोस्, हिब्रू ७:१६ "जो पुख्यौंलीसम्बन्धी नियमको आधारमा होइन, तर अविनाशी जीवनका शक्तिको आधारमा पूजाहारी बनेका छन्।"**

प्रभु येशूले पुजारीको दर्जा उहाँको कहिले नाश नहुने जिवनको आधारमा पाउनुभएको थियो किनभने उहाँको सेवाकार्य सनातन वा सदासर्वदा उपलब्ध भइरहेको हुन्छ। यसको अर्थ उहाँको सेवाकार्य कहिल्यै पनि कसैको दाँजोमा हुँदैन वा सबैभन्दा उच्च भइरहिरहेको हुन्छ र उहाँ कुनै पनि वर्ग, जातिको दाँजोमा हुन्न तर सबैभन्दा माथि नै भइरहेको हुनेछ। मानिस जतिसुकै नाजुक, पापी, अधर्मी, दुष्ट, कमजोरी, निराशको बादलमा परिरहेतापनि यदि ऊ येशूकहाँ आउँछ भने उसलाई पूर्णरूपमा र अनन्तसम्म उद्धार गर्न सदैव तत्पर हुनुहुन्छ (हिब्रू ७:२५)। प्रभु येशूले उपलब्ध गराउनुभएको मुक्ति पूर्ण, सिद्ध, अन्तिम र निष्खोट छ। मानिसको भित्रीभन्दा पनि भित्री स्वभाव र त्यसका पक्षहरूलाई आमूल परिवर्तन गर्न उहाँको मुक्तिले काम गरिरहेको हुन्छ (हिब्रू ४:१२, हिब्रू ९:१४, हिब्रू १०:१-४)। हाम्रो निम्ति नयाँ करारमुनि उपलब्ध गराइएका सबै फाइदाहरू, परमेश्वर पिताकोसामु येशूको बिन्तिभाऊद्वारा उपलब्ध छ।

हाम्रो पापको क्षमामामात्र येशूले दिनुहुने मुक्ति सिमित छैन। यो पनि जान्नु आवश्यक छ। येशू केवल हामीलाई पापबाट मुक्ति दिनमात्र आउनुभएको होइन। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू हाम्रा हृदयहरूमा गाभिन पनि उहाँ आउनुभएको हो। त्यसको फलस्वरूप अहिले नै उहाँमा पुनर्जन्मको अनुभूति प्राप्त गरेर नयाँ व्यक्तित्वले सजिएका हुन्छौं। यही आयाम वा व्यक्तित्वको मनस्थितिले सिंगार्दै हामी संसारमा सुसमाचार फैलाउ सक्ने हुन्छौं (हिब्रू ८:१०-१२)। येशू परमेश्वरसँग एक हुनुभएको हैशियतले र मानिससँग पनि एक हुनुभएको हैशियतले पिताको सामु उहाँ हाम्रो प्रतिनिधित्व गर्नुहुन्छ। हाम्रो निम्ति उहाँको सारा हृदय, सारा मन वा दिमाग र सारा बाहुबल प्रयोग गर्नुभएर आफ्नो जीवन बलिको रूपमा अर्पण गर्नुभएकोले येशू परमेश्वरको सामु कहिल्यै नडगमगिने वा स्थिर समर्थन लिएर उभिनुहुन्छ।

**हिब्रू ७:२२मा येशूको नयाँ करारसँगको सम्बन्ध उल्लेख गरिएको छ। त्यो के हो? हेर्नुहोस्, "यसैले येशूलाई उत्तम करारको जमानत बनाउँदछ।"**

येशू नयाँ करारको जमानत हुनुहुन्छ किनभने येशू सदाको निम्ति (हिब्रू ७:२१) पुजारी हुनुहुनेछ भनेर परमेश्वरले वाचा गर्नुभएको थियो। परमेश्वरको यस वाचालाई नबुझ्न धेरै सजिलो छ। अब्राहमका सन्तानलाई मरुभूमिमा परमेश्वरले बाँध्नुभएको वाचा पावलले सम्बोधन गरेका थिए (हिब्रू ३:७-११, हिब्रू ६:१३-१५)। तर परमेश्वरले ती इस्राएलीहरूसँग गर्नुभएको वाचा र उहाँको पुत्रसँग गर्नुभएको वाचामा भिन्नता छ। इस्राएलीहरूसँग गर्नुभएको वाचा मरणशील मानव प्राणीसँग गर्नुभएको थियो। त्यो वाचा त्यसबेलासम्म लागुभइरहुन्छ जब त्यसको फाइदा उठाउनेहरू वा इस्राएलीहरू वा अब्राहमका सन्तान जीवित रहन्छन् (गलाती ३:२९)।

तर कहिल्यै नाश नहुने अमर आफ्नो पुत्र येशूसँग गर्नुभएको वाचा सदाको निम्ति रहिरन्छ। यदि कोही मानिस कसैको जमानतमा बस्छ भने त्यो जमानत बसिने व्यक्ति कानुनीरूपमा जमाना बसेको व्यक्तिको जिम्मेवारी हुन्छ। त्यो व्यक्ति यस्तो वाध्यात्मक हुन्छ कि जमानत बसेको व्यक्तिको निम्ति मर्न पनि तयार हुनुपर्दछ। आफ्ना प्रतिज्ञाहरू यताउती नहोस् भनेर नै परमेश्वर पिताले हाम्रो निम्ति येशूलाई जमानत स्थापना गर्नुभएको थियो। येशूमा पाइने मुक्ति कतिको निश्चय, पक्का, सिद्ध र भरपर्दो छ भन्ने तथ्य उहाँ हाम्रो जमानत हुनुभएकोले देखाउँदछ।

## ५. पापरहित पुजारी

**येशूका पाँचवटा विशिष्ट व्यक्तित्व वा गुणहरू हिब्रू ७:२६मा दिइएको छ। ती के हुन्? हेर्नुहोस्, "यो उचित थियो कि हाम्रा लागि यस्ता एक जना प्रधान पूजाहारी हुनुपर्दछ, जो पवित्र, दोषरहित, निष्कलङ्क, पापीहरूबाट अलग र स्वर्गभन्दा पनि माथि उचालिएका हुनुहुन्छ।"**

येशू "पवित्र" हुनुहुन्छ। त्यसको अर्थ परमेश्वरसँगको सम्बन्धमा उहाँमा कुनै खोट, कमीकमजोरी थिएन (हिब्रू २:१८, हिब्रू ४:१५, हिब्रू ५:७,८)। यस शब्दलाई अनुवाद गर्दा पुरानो करारमा लेखिएको ग्रिक भाषामा उल्लेखित परमेश्वर र अरूहरूसँगको सम्बन्धमा उहाँ पवित्र हुनुभएको भन्ने शब्दलाई कायमै राखिएको छ।

येशू "दोषरहित वा निर्मल" हुनुहुन्थ्यो। उहाँले सबै परिक्षा, प्रलोभन, लालसा भोग्नुभएतापनि (हिब्रू ४:१५, हिब्रू २:१८) कुनै पनि पाप वा खराबले उहाँलाई छुन सकेको थिएन। उहाँ शुद्ध र निर्मल नै भइरहनुभएको थियो।

येशूको पुजारीत्वको निम्ति उहाँ सिद्ध पापरहित हुनु आवश्यक थियो। यो स्वभाव वा चरित्र अत्यन्तै महत्त्वपूर्ण छ। निष्खोट पशुलाई बलि दिइनुपर्छ भन्ने पुरानो करारको नियम छ। यस खालको बलिमात्र परमेश्वरको निम्ति ग्रहणयोग्य हुनेथियो (लेबी १:३,१० आदि)। यस संसारमा उहाँ मानव जीवन बिताउनुहुँदा परमेश्वरप्रति उहाँ सतप्रतिसत आज्ञाकारी हुनुभएको थियो। त्यसले गर्दा नै उहाँ परमेश्वरको सामु ग्रहण योग्य बलि हुनुभएको थियो (हिब्रू ९:१४)।

येशू "पापीहरूबाट अलग हुनुभएको" थियो। त्यो स्थिति उहाँ त्यसबेला पुग्नुभयो जब उहाँ स्वर्गमा उक्लिनु भयो। ग्रिक भाषाको क्रियापदले येशूको यो अवस्था विगतको नभएर बर्तमान स्थिति हो भनेर जनाउँछ। उहाँ जब यस संसारमा रहनुभयो तब पापीहरूको माझमा त रहनुभएको थियो। पापीहरूको द्रोह, क्लेष, शत्रुतापूर्ण व्यवहार आफ्नो सांसारिक जीवनमा सहनुभएको थियो, तर उहाँ तिनीहरूबाट विजयी हुनुभएर परमेश्वरको दाहिने हातमा रहन जानुभएको थियो (हिब्रू १२:२,३)। "पापीहरूबाट उहाँ अलग हुनुभएको थियो" भन्दा उहाँ सिद्ध पापरहित हुनुभएको थियो (हिब्रू ४:१५)।

येशूलाई "स्वर्गहरूबाट भन्दा माथि उचालिनुभएको थियो" (रूपान्तरित)। त्यसको अर्थ उहाँ पृथ्वी र जगतको सबै थोकहरूभन्दा उचालिनुभएको थियो। त्यसको अर्थ उहाँ परमेश्वरसँग एक हुनुभएको थियो। भजनको पुस्तकमा "सबै स्वर्गहरूभन्दा माथि उचालिनुभएको" (भजन ५७:५,११; भजन १०८:५) भनेर परमेश्वरलाई सम्बोधन गरिएको छ।

येशू पूर्णरूपमा मानिस हुनुहुन्थ्यो, तर उहाँ हामी जस्तो पापी मानव प्राणी थिएन (हिब्रू २:१४-१६, हिब्रू ४:१५)। येशू त्रुटीरहित, दोषरहित, आदर्श र श्रेष्ठ व्यक्तित्व हुनुहुन्थ्यो। त्यो चरित्र उहाँ हामी जस्तो पापले भ्रष्ट भएको थिएन तर उहाँ यस संसारमा आउनुहुँदामा नै पापरहित भएर आउनुभएको थियो। उहाँले कुनै धर्मकर्म, आत्मज्ञान प्राप्त गरेर, त्यागतपस्या गरेर सिद्ध हुनुभएको थिएन तर उहाँ यस संसारमा आउनुहुँदा अघिदेखि नै सिद्ध हुनुहुन्थ्यो।

फेरि त्यसैबखत, उहाँ पूर्णरूपमा मानिस हुनुहुन्छ। उहाँ हाम्रो आदर्श र नमुना हुनुहुन्छ। हामी हाम्रो जीवनमा कसरी दगुर्नुपर्छ भनेर उहाँले हामीलाई देखाउनुभएको छ (हिब्रू १२:१-४)। उहाँ हाम्रो आदर्श व्यक्तित्व, अनुकरणीय उदाहरण वा नमुना व्यक्तित्व हुनुहुन्छ जसलाई इसाई हुँ भनेर

दावी गर्नेले जोसुकैले पनि अनुसरण गर्नु जरुरी छ (१ पत्रुस २:२१-२३)। किनभने उहाँ "पवित्र, निर्दोष, कुनै पनि पापको दाग नभएको र पापीहरूबाट अलग" हुनुभएकोले (हिब्रू ७:२६ रूपान्तरित), उहाँ हाम्रो मुक्तिदाता हुनुहुन्छ, र यदि हामी येशूभक्त हौं भनेर हामीले दावी गर्ने हिक्मत छ भने उहाँको चरित्र वा गुणलाई अनुसरण गर्दै उहाँलाई प्रतिविम्बित गर्नैपर्छ।

**हामी जस्तो मानव जाति हुनुभएको भएतापनि उहाँले कहिल्यै पनि पाप गर्नुभएन। यो अचम्मको आत्मज्ञानलाई हाम्रो दिमागमा कसरी साँचि राख्ने? उहाँ कस्तो पवित्र हुनुहुन्छ सो सोच्नुहोस्! अनि त्यही पवित्रता हामीलाई हाम्रो विश्वासको कारण प्रदान गरिनेछ भन्ने प्रतिज्ञालाई कायम गरिराख्दा हाम्रो मुक्ति सुरक्षित छ भनेर कसरी यकिन गरिरहने?**

## उपसंहारः

**थप जानकारीः** "प्रभु येशू ख्रीष्टले हामीलाई हेरिरहनुभएको छ। हाम्रो सबै बोझ, पिडा, पिरहरू, हामीले सामना गरिरहेका खतराहरू, हाम्रा कठिन परिस्थितिहरू उहाँलाई सबै थाहा छ। हाम्रो पक्षमा आफ्नो मुखभरी जवाफ उहाँले भर्नुभएको छ। प्रत्येक व्यक्तिको आवश्यकता अनुसार उहाँले हाम्रो निम्ति बिन्ति गर्नुहुन्छ। जसरी उहाँले पत्रुसको मामिलामा गर्नुभएको थियो।...परमेश्वरका जनहरूको खिलाफमा सैतानले ल्याउने अनेकौं परिक्षाको सामना गर्न के तर्कहरू गर्नुपर्छ भनेर उहाँले सिकाउनुहुन्छ। सैतानसँग मुकाबिला गर्न उहाँसँग मुखभरि छ। शत्रुको प्रत्येक कदमको चाललाई उहाँले अर्थपूर्ण तरिकाले हेरिरहनुहुन्छ। घट्नाहरूलाई उहाँले नै परिचालन गर्नुहुन्छ।"-एलेन जी ह्वाइट, *एसडिए कमेन्टरी,* ठेली ७, पृ. ९३१बाट रूपान्तरित।

"परमेश्वर र मानिसको बीचमा अनन्तसम्म फाटो ल्याउने लक्ष्य सैतानको थियो; तर ख्रीष्टमा हामी परमेश्वरसँग अझ नजिकसँग एक हुने अवसर पाउँदछौं। येशूले गर्दा परमेश्वरसँग हामी कहिल्यै पतित नभएको जस्तै भएर नजिक हुन सक्छौं। हाम्रो स्वभाव लिनुभएर मुक्तिदाताले मानवतासँग कहिल्यै नफुट्किने र नभाँचिने गाँठो बाँध्नुभएको छ...परमेश्वरले अपनाउनुभएको प्रतिवद्धताको वचन येशूले पूरा गर्नुहुनेछ। 'हाम्रो निम्ति बालकको जन्म भएको छ, हाम्रो निम्ति पुत्र दिइएको छः र उहाँको काँधमा शासन राखिनेछ' यशैया ९:६।' परमेश्वरले उहाँको पुत्रको व्यक्तित्वद्वारा मानव स्वभाव ग्रहण

गर्नुभएको थियो जुन स्वर्गको उच्च स्थानमा लानुभएको थियो। 'मानिसको पुत्र' जगतको सिंहासनमा साझेदार हुनुभएको छ। 'मानिसको पुत्रलाई नै' 'अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ' यशैया ९:६। परमेश्वर र मानिसको बीचमा सदासर्वदा रहिरनुहुने त्यही 'म हुँ' हुनुहुन्छ। उहाँ नै दुवै परमेश्वर र मानवताको बीचमा हातेमालो गर्नुभएको छ। उहाँ जो 'पवित्र, दोषरहित, निष्कलङ्क, पापीहरूबाट अलग र स्वर्गभन्दा पनि माथि उचालिएका हुनुहुन्छ' हामीलाई उहाँको भाइबहिनी भन्न लजाउनुहुन्न' हिब्रू ७:२६;२:११। स्वर्गको परिवार र पृथ्वीको परिवारलाई ख्रीष्टले नै एकतामा जोड्नु भएको छ। महिमित हुनुभएको ख्रीष्ट हाम्रो दाजु हुनुहुन्छ। मानवतामा स्वर्ग सजिएको छ, र अनन्त प्रेमको काखमा मानवता गुटमुटिएको छ।"-एलेन जीच ह्वाइट, *द डिजाएर अभ एजेज्*, पृ. २५,२६बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. माथिको पहिलो उद्‌गारमा एलेन जी ह्वाइटले भन्नुभएको छ, "उहाले (येशू) हाम्रो पक्षमा मुखभरी तर्कहरू भर्नुभएको छ।" तपाईंको निम्ति त्यो प्रतिज्ञाकतिको अर्थमूलक छ? परमेश्वरको प्रेमको बारेमा उहाँले हामीलाई सिकाउनुभएको सामग्री सोच्नुहोस्। यो धारणाले हामीलाई किन उत्साहित गराउँछ? हाम्रो निम्ति बोलिदिनेको किन आवश्यक छ?**

**आ. दोस्रो कथनमा एलेन जी ह्वाइट भन्नुहुन्छ, "ख्रीष्टमा हामी परमेश्वरसँग अझ नजिकै हुन गएकाछौं मानौं हामीले कहिल्यै पनि पतित भएका छैनौं।" यसको अर्थ के हो? परमेश्वरसँग त्यस्तो घनिष्ट सम्बन्ध कसरी अनुभव गर्ने, र त्यस अनुभवबाट हामीलाई कसरी सान्त्वना मिल्दछ? कसैसँग नजिक हुनु भनेको के हो? कसैसँग टाँसिएर रहनु भनेको के हो? "हाम्रो निम्ति बोलिदिनुहुने" येशूलाई चिनेर हाम्रो त्यस अनुभवलाई कसरी साकार बनाउन सक्छौं?**

**कथा ६**

# पिटाइले आस्था बलियो बनाउँछ

**एलिजिटा डा सिल्भा, ३७**

**टिमोर-लेस्ट**



एक दिन मेरी बहिनीले जोशिलो भएर मलाई बोलाइन्, "दिदी, म त बाइबल पढ्दैछु। मलाई धेरै रमाइलो लागिरहेको छ। तपाईं पनि आउनु र हामी सुसमाचार प्रचारकसँग सँगसँगै मिलेर बाइबल पढौं।" उनको कुरा सुनेर मलाई पनि उत्सुकता जाग्यो र उनी र अर्को दम्पत्ति युलियाना र लुइससँग बाइबल अध्ययन गर्न थालें। तिनीहरू बाइबल सेवाग्राहीहरू थिए। "मलाई पनि बाइबल सिकाउनुहोस्," तिनीहरूलाई मैले अनुरोध गरें। म टिमोर-लेस्टको राजधानी डिलीको विश्वविद्यालयमा अध्ययन गर्दै थिएँ। मेरी बहिनी, एरमिलिन्डा त्यही सहरको हाइस्कूलमा पढ्दै थिइन्। हामी दुवै जना एउटा सानो गाउँबाट आएका थियौं। त्यस दम्पत्तिसँग मैले दिनदिनै बाइबल अध्ययन गर्न थालें बाइबलका पाठहरूले मलाई आकर्षित गराएको थियो। परमेश्वरको महान् प्रेमको बारेमा मैल सिकें। स्वस्थ र शुद्ध खाना खाएर मैले मेरो शरीरबाट उहाँको महिमा गर्न सक्छु भनेर पनि मैले सिकें। उहाँका आज्ञाहरू पालन गरें भने मैले उहाँलाई प्रेम गरेको देखाएको हुन्छु भनेर पनि मैले सिकें। येशूले भन्नुभएको थियो, “तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ" (यूहन्ना १४:१५)। दश आज्ञाहरूको बारेमा अझ मलाई जान्न मनलाग्यो र चौथो आज्ञाको बारेमा मैले कहिल्यै पनि सुनेको थिइनँ। त्यो थियो, “शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू" (प्रस्थान २०:८)। उहाँको पवित्र दिनलाई आइतबारमा कहिल्यै पनि परिवर्तन गर्नुभएन भनेर मैले सुनेपछि ती दम्पत्तिसँग साबथमा चर्च कहाँ जान सकिन्छ भनेर मैले सोधें। "म साबथ पालन गर्न चाहन्छु तर कुन चर्चमा जाने?" भनेर तिनीहरूलाई मैले सोधें। "डिलीमा हाम्रो चर्च छ। तिमी हरेक साबथ चर्च जान सक्छौं," तिनीहरूले मलाई सुनाए। बहिनी र म मिलेर सँगसँगै चर्च जान थाल्यौं। दुई हप्ता चर्च गएपछि हामी बप्तिस्मा लिएर एडेन्टिस्ट हुने निर्णय गर्यौं। हाम्रा

दाजुहरू हामीसँग धेरै रिसाए र मलाई धम्किदिएर पिट्न पनि थाले। "अब तिमी यस सहरमा पढ्न पाउनेछैनौं। तिमीहरूलाई गाउँमै फर्काउनेछौं,"तिनीहरूले हामीलाई सुनाए। मेरा दाजुहरूले मलाई अध्ययन छाडेर गाउँमा जबरजस्ती बोलाए। तिनीहरूसँग हरेक आइतबाट चर्च जान पनि कर गरे र सुङ्गुरको मासु खान पनि कर गरे। मलाई दुःख लाग्यो। बाथरुममै बाइबल पढ्न र प्रार्थना गर्न थालें। तैपनि दाजुहरूले मलाई पिटे तर त्यसले गर्दा मेरो विश्वास झन बलियो भयो। परमेश्वरलाई प्रेम गर्ने र उहाँका आज्ञाहरू पालन गर्ने मैले प्रतिवद्धता जनाएँ। मैले एक महिनासम्म डर, धम्की र पिटाइहरू खाएँ। मेरी बहिनीचाहिँ सहरमै बस्न पाएकी थिइन्। बाइबलको निम्ति सुसमाचारीय काम गर्न दुई महिना तालिमको कार्यक्रम हुन्दैं भनेर उनले मलाई बताइन्। म पनि युलियाना र लुइस जस्तो हुन चाहेको थिएँ। एक दिन कसैलाई नभनि म घरबाट भागें। दुई महिनाको तालिमपछि म पनि बाइबल सिकाउन सक्ने भएँ। मलाई यो काम धेरै मन पर्यो। त्यही काममा म समर्पित भएँ। मेरा परिवार र दाजुहरूको निम्ति मैले दिनदिनैं प्रार्थना गर्न थालें। दुई वर्ष पछि रिनाल्डो एडभेन्टिस्टसँग मैले विवाह गरें। त्यस विवाहमा मेरा घरको कुनै परिवारले भाग लिएनन्। केही समयपछि मेरा परिवारले मसँग बोलिचाली गर्न थाले। मेरा तीन जना छोराछोरीहरू टिमोर-लेस्टको एडभेन्टिस्ट स्कूलमा पढ्दैछन्। त्यसको निम्ति म प्रभुलाई धेरै धन्यवाद दिन्छु। मेरा दाजु र परिवारको निम्ति प्रार्थना गरिदिनुहोला। येशू र उहाँको बचनको बारेमा त्यस स्कूलले धेरै बालबालिकाहरूलाई सिकाउन सकुन् भनेर पनि प्रार्थना गरिदिनुहोला।